घरपझोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या.: २०७७/७८
चलानी नं.: 9260

मिति : २०७८/०२/२०

घरपझोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोमसोम, मुस्ताङ गण्डकी प्रदेश, नेपाल

विषयः स्व-मूल्यांकनको नतिजा सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
काठमाण्डौ, नेपाल ।

प्रस्तुत विषयमा यस कार्यालयबाट गत आ.व. २०७६/७७ मा सम्पादित कामहरुलाई आधार मानी स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ बमोजिम यस स्थानीय तहको स्व मूल्याङ्कन गर्दा १०० पूर्णाङ्कमा ४५ प्राप्ताङ्क भएको नतिजालाई कार्यपालिकाबाट अनुमोदन गरी सोको निर्णय र मूल्यांकन तालिका अनुसूची ५ यसै साथ संलग्न राखी पठाईएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

२०७८/२/२०

(गौरी प्रसाद आचार्य)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

- श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल,
- श्री राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, सिंहदरबार ,काठमाडौं, नेपाल ,
- श्री राष्ट्रिय योजना आयोग, सिंहदरबार ,काठमाडौं, नेपाल ,
- श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, नेपाल,
- श्री जिल्ला समन्वय समिति, जोमसोम, मुस्ताङ,
- श्री गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखरा।

घरपझोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको ५८औं बैठक

मिति २०७८।०२।१८

## निर्णयहरु

गाउँपालिका अध्यक्ष, दुई जना कार्यपालिका सदस्य र प्रमुख प्रशासकीय अधिकृत भौतिक रुपमा उपस्थित भई र अन्य ७ जना सदस्यहरु सूचना प्रविधिको प्रयोग गरी जुम (ZOOM) मार्फत सञ्चालन भएको ५८ औं कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु उपर छलफल भई देहाय बमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा गरिएको ।

१) मिति २०७७।१२।२६ गते बसेको कार्यपालिकाको बैठकमा भएको निर्णयहरुको कार्यान्वयनको अवस्थाको समिक्षा गरियो । उक्त बैठकमा भएको निर्णय नं. ३(३) र ४ बाहेक अन्य सबै निर्णयहरु कार्यान्वयन भएको पाईयो । कार्यान्वयन हुन बाँकि निर्णयलाई यथाशिघ्र कार्यान्वयनको प्रक्रियामा लैजानु पर्ने निर्णय गरियो ।

२) संघीय, युवा तथा लेखकुद मन्त्रालयबाट घरपझोङ गाउँपालिका ४ नं. वडा जोमसोममा निर्माणाधिन रहेको जोमसोम खेलग्रामको लागि चालु आ.ब.२०७७।७८ मा रु.२५ लाख प्राप्त भएको र उक्त योजनाको लागि यस घरपझोङ गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पूरक बजेटको व्यवस्थापन गर्नु पर्ने भएको हुँदा उक्त जोमसोम खेलग्राम निर्माण योजनाको लागि सम्पूरक रकम रु.१०,७१,०००।- विनियोजन गर्ने ।

३) घरपझोङ गाउँपालिकाले आ.ब. २०७६।७७ मा सम्पादन गरेको कामको आधारमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम स्वमूल्याङ्कन सम्पन्न भई १०० पुणाङ्कमा ४५ अंक प्राप्त भएको नतिजा बैठकमा जानकारी भयो । स्वमूल्याङ्कनको नतिजा सन्तोषजनक नदेखिएकोले कमजोर सूचकहरुलाई प्राथमिकतामा राखी कार्यालयले यस तर्फ ठोस कदम चाल्नु पर्ने देखियो ।

४) कोभिड-१९ को विपद व्यवस्थापन गर्ने कार्यको सिलसिलामा खरिद गरिएको विभिन्न खाद्यन्न राहत सामाग्रीहरु बचत रहेकोले उक्त खाद्यन्न राहत सामाग्रीहरु आवश्यकता अनुसार वितरण गर्ने र मौज्दात रहने राहत सामाग्रीहरु नियमानुसार बिक्रि गरी आम्दानी बाध्ने ।

**मौजदात रहेको खाद्यन्न सामाग्रीको विवरण :**

१) चामल :- ४ बोरा (३० के.जी. प्रति बोरा) र ८ पोका (१५ के.जी. प्रति पोका)

२) नुन :- १६ के.जी.

३) दाल :- ४ के.जी.


५८ औं कार्यपालिकाको /बैठक  Zoom प्रविधिको प्रयोग

मिति २०७८/०२/१८









गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको सहयोगमा, मिति २०७८/०१/१५ देखि १७ सम्म यस गाउँपालिकाको कार्यपालिका सदस्यहरु र कर्मचारीलाई दिइएको स्व मूल्याङ्कन अभिमुखिकरण तालिम बाट प्रशिक्षित भई यस स्थानीय तहको स्व मूल्याङ्कन गर्ने सम्बन्धमा मिति २०७८/०२/१८ गतेका दिन कार्यपालिकाको बैठकबाट तपशिल बमोजिमको प्राप्ताङ्क रहेको निर्णय गरियो।

तपशिल

| सि नं. | विषय क्षेत्र | समग्र स्थिति | प्रकृयागत स्थिति | परिमाणात्मक स्थिति | कूल भार | प्राप्ताङ्क | |
|---|---|---|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ३ | ४ | २ | ९ | ७ | ८०.५६ |
| २ | संगठन तथा प्रशासन | २ | ३ | ३ | ८ | ४ | ५०.०० |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | २ | ४ | ५ | ११ | ५ | ४५.४५ |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | २ | ४ | ५ | ११ | ६ | ५०.०० |
| ५ | सार्वजनिक सेवा प्रवाह | ३ | ४ | ९ | १६ | १० | ५९.३८ |
| ६ | न्यायिक कार्यसम्पादन | १ | ३ | ३ | ७ | ४ | ५०.०० |
| ७ | भौतिक पूर्वाधार | ३ | ४ | ६ | १३ | ५ | ३४.६२ |
| ८ | सामाजिक समावेशीकरण | २ | ४ | ४ | १० | ३ | ३२.५० |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | १ | ३ | ५ | ९ | २ | २२.२२ |
| १० | सहकार्य र समन्वय | २ | १ | ३ | ६ | १ | ८.३३ |
| | जम्मा | २१ | ३४ | ४५ | १०० | ४५ | ४५.०० |

## आ.व. २०७६/७७ को घरपझोङ गाउँपालिकाको स्वमूल्यांकन

### अनुसूची ५

मूल्याङ्कन तालिका

घरपझोङ गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय जोमसोम, मुस्ताङ गण्डकी प्रदेश, नेपाल

| सि. नं. | सूचक नं. | सूचक क्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | | **सूचक क्षेत्र १ : प्रशासकीय प्रबन्ध** | | | |
| १ | १.१.१ | सभाको सञ्चालन प्रक्रिया (स्थानीय सरकार सञ्चालन ऐनको दफा १९) | १ | ०.७५ | |
| २ | १.१.२ | कार्यपालिकाको निर्णय प्रक्रिया (स्थाससंऐ दफा १७) | १ | १ | |
| ३ | १.१.३ | सभा / कार्यपालिकाले बनाएका स्थानीय कानुन (ऐन, नियम, निर्देशिका, कार्याविधि र मापदण्ड) तथा निर्णयहरुको सार्वजनिकीकरण (स्थाससंऐ दफा १०२ को ३, नेपालको संविधानको धारा २७, सूचनाको हक) | १ | १ | |
| ४ | १.२.१ | सभा र कार्यपालिकाका समिति/उप-समिति सञ्चालन सम्बन्धी कार्यविधि (स्थाससंऐ दफा १४, ४६, ६५, ६६,६७) | १ | १ | |
| ५ | १.२.२ | कार्यपालिकाको बैठक सञ्चालन (बैठक बोलाउने, मिति स्थान तोक्ने, कार्यसूची उपलब्ध गराउने, गणपूरक संख्या, निर्णय पुस्तिकामा हस्ताक्षर, निर्णयमा असहमति आदि) (स्थाससंऐ दफा १७) | १ | १ | |
| ६ | १.२.३ | आन्तरिक नियन्त्रण प्रणाली (स्थाससंऐ दफा ७८) | १ | ० | |
| ७ | १.२.४ | स्थानीय तहका पदाधिकारी हरुको सम्पत्ति विवरण (स्थाससंऐ दफा ११०) | १ | १ | |
| ८ | १.३.१ | मूल्याङ्कन अवधिमा बसेको कार्यपालिकाको बैठक संख्या (स्थाससंऐ दफा १७, बैठककार्य सञ्चालन नियमावली) | १ | ०.५ | |
| ९ | १.३.२ | लेखा प्रणालीमा SuTRA को प्रयोग (स्थाससंऐ दफा ७२) | १ | १ | |
| | | **सूचक क्षेत्र २ : संगठन तथा प्रशासन** | | | |
| १० | २.१.१ | गाउँ/नगरपालिकाको क्षमता विकास । (स्थाससंऐ को दफा १०२.२) | १ | ० | |
| ११ | २.१.२ | प्रतिवेदन तथा विवरण प्रेषण। (स्थाससंऐ दफा ७६ (५) र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, दफा ३२ (३)) | १ | ० | |
| १२ | २.२.१ | विषयगत विभाग। महाशाखा शाखा/ उपशाखा/एकाइहरु एवं जनशक्तिको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको कार्यविवरण । (स्थाससंऐ दफा ८३ अनुसार) | १ | १ | |
| १३ | २.२.२ | स्थायी पदपूर्ति नगर्ने भनिएका पदहरुमा करारबाट मात्र पदपूर्ति। (ऐनको दफा ८३ को उपदफा ८,९) | १ | १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | २.२.३ | कर्मचारीहरुको कार्य सम्पादन सम्झौता ।<br>(स्थाससंऐ दफा १०२ को २ अनुसार) | १ | ०.५ | |
| १५ | २.३.१ | जनशक्ति क्षमता विकासमा लगानी<br>(स्थाससंऐ दफा १०२ को २ अनुसार वनेको कार्यविधि) | १ | ० | |
| १६ | २.३.२ | प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति दिन<br>(आफ्नो क्षेत्रभित्र काजमा रहेको अवधि समेत) | १ | ०.५ | |
| १७ | २.३.३ | क्षमता विकास कार्यक्रममा पदाधिकारी र कर्मचारीहरुको सहभागिता। (स्थाससंऐ को दफा १०२ को २ अनुसार वनेको कार्यविधि) *(यस दफामा पदाधिकारी भन्नाले गाउँ। नगर सभाका सदस्यहरूलाई बुझाउनेछ । गणना गर्दा पदाधिकारी र कर्मचारीहरूको छुट्टाछुट्टै गणना गर्नुपर्नेछ। )* | १ | १ | |
| | | | | | |
| १८ | ३.१.१ | वार्षिक बजेट तथा कार्यक्रम र आवधिक योजना तर्जुमा।<br>(स्थाससंऐ को दफा २४ अनुसार) | १ | ० | |
| १९ | ३.१.२ | बजेट तथा कार्यक्रम तर्जुमा र पारित गर्ने कार्यमा सम्बद्ध समिति र समन्वय<br>(स्थाससंऐ को दफा ६५, ६६ र ६७) | १ | १ | |
| २० | ३.२.१ | दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण<br>(स्थाससंऐ को दफा २४ अनुसार ) | १ | ० | |
| २१ | ३.२.२ | विषयक्षेत्रगत रूपमा बजेट सिलिङ्ग निर्धारण<br>(स्थाससंऐ को दफा ६६ को ३ अनुसार) | १ | १ | |
| २२ | ३.२.३ | बजेट प्रस्तुति तथा स्वीकृति<br>(स्थाससंऐ को दफा ७१ अनुसार) | १ | १ | |
| २३ | ३.२.४ | गैरसरकारी सङ्घ संस्थाहरुले गाउँ/नगर सभाबाट पारित गरी योजना कार्यान्वयन (स्थाससंऐ दफा २५) | १ | ० | |
| २४ | ३.३.१ | कूल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा।<br>(असविव्यऐ दफा ८ अनुसार राजस्वको क्षमता) | १ | ० | |
| २५ | ३.३.२ | पाँच लाख भन्दा कम लागतका योजनाले कूल पूँजीगत बजेटको ओगटेको हिस्सा (वजेट तथा कार्यक्रम तर्जुमाको मार्गदर्शन) | १ | ०.५ | |
| २६ | ३.३.३ | वार्षिक आन्तरिक आय बृद्धि गत वर्षको तुलनामा | १ | १ | |
| २७ | ३.३.४ | गैसस मार्फत योजना कार्यान्वयन गरेको अवस्थामा गै.स.स.को नगद लागत साझेदारी। (स्थाससंऐ दफा २५) | १ | ० | |
| २८ | ३.३.५ | समपुरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरुमा लागत साझेदारीका लागि बिनियोजित बजेट (असविव्यऐ दफा १०) | १ | ०.५ | |
| | | **सूचक क्षेत्र ४ :वित्तीय एवम् आर्थिक व्यवस्थापन** | | | |
| २९ | ४.१.१ | आन्तरिक स्रोत (स्थाससंऐ दफा ६५) | १ | १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | ४.१.२ | वित्तीय अनुशासन (असविव्यऐ परिच्छेद ८, दफा २५ देखि ३२) | १ | ० | |
| ३१ | ४.२.१ | आय व्ययको वर्गीकरण तथा लेखाङ्कनका लागि नेपाल सरकारद्वारा निर्धारित पद्धति र ढाँचाको प्रयोग (असविव्यऐ दफा ३२) | १ | १ | |
| ३२ | ४.२.२ | आय र व्ययको विवरण सार्वजनिकीकरण (असविव्यऐ दफा ३०) | १ | ० | |
| ३३ | ४.२.३ | प्रचलित कानुन अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयारी र कार्यान्वयन<br>(सा.ख.ऐन दफा ६, स्थाससंऐ दफा ८४ उपदफा २ को ट) | १ | ० | |
| ३४ | ४.२.४ | वार्षिक बजेट कार्यान्वयनको प्रगति समीक्षा (स्थाससंऐ दफा ७१ को ६) | १ | ० | |
| ३५ | ४.३.१ | रकमान्तर (स्थाससंऐ दफा ७९) | १ | १ | |
| ३६ | ४.३.२ | प्रशासनिक खर्च (स्थाससंऐ दफा ७१ अनुसारको आय व्यय अनुमान अनुसार) | १ | ० | |
| ३७ | ४.३.३ | पुँजीगत खर्च (स्थाससंऐ दफा ७१ अनुसारको आय व्यय अनुमान अनुसार) | १ | १ | |
| ३८ | ४.३.४ | राजस्व सङ्कलन (स्थाससंऐ दफा ७१) | १ | ०.५ | |
| ३९ | ४.३.५ | खर्च गर्ने अख्तियारी (स्थाससंऐ दफा ७३) | १ | १ | |
| | | **सूचक क्षेत्र ५ : सेवा प्रवाह** | | | |
| ४० | ५.१.१ | सेवा प्रवाह वडाले उपलब्ध गराउने सेवा (स्थाससंऐ दफा१२)<br>(स्थाससंऐ दफा११) | १ | १ | |
| ४१ | ५.१.२ | वडाले उपलब्ध गराउने सेवा (स्थाससंऐ दफा१२) | १ | १ | |
| ४२ | ५.१.३ | सेवा प्रतिको सन्तुष्टी (स्थाससंऐ दफा ११,१२ को काम) | १ | १ | |
| ४३ | ५.२.१ | सेवा प्रवाहमा प्रविधिमा आधारित टोकन, अनलाइन रजिष्ट्रेसन वा कम्प्युटर बिलिङ्ग प्रविधिको प्रयोग (स्थाससंऐ दफा११ को उपदफा २ को ङ १) | १ | ०.५ | |
| ४४ | ५.२.२ | सेवाप्रवाहको मापदण्ड (SOP) (स्थाससंऐ दफा ११ को उपदफा २ को ङ १) | १ | ० | |
| ४५ | ५.२.३ | बैकिङ्ग प्रणालीबाट भुक्तानी (स्थाससंऐ दफा११ को उपदफा २ को ङ ७) | १ | ०.५ | |
| ४६ | ५.२.४ | वडामा सेवाप्रवाहको बैकल्पिक व्यवस्था<br>(स्थाससंऐ १६को उपदफा ४ को ग को ६ र दफा १८ को उपदफा ३) | १ | १ | |
| ४७ | ५.३.१ | गुनासो फछ्र्यौट (स्थाससंऐ दफा ११ को उपदफा २ को ङ ७) | १ | १ | |
| ४८ | ५.३.२ | सामाजिक सुरक्षा भत्ता बैङ्क खाता मार्फत भुक्तानी (स्थाससंऐ दफा ११ को उपदफा २ को त २) | १ | १ | |

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ

| | | | | | |
|---|---|---|---|---|---|
| ४९ | ५.३.३ | जन्मेको मितिले ३५ दिनभित्र भएको कूल जन्मदर्ता संख्या (स्थाससंऐ दफा ११ को उपदफा ४) | १ | ० | |
| ५० | ५.३.४ | सार्वजनिक सुनुवाई (स्थाससंऐ दफा ७८ को उपदफा ५) | १ | ० | |
| ५१ | ५.३.५ | सेवा प्रवाहमा घुम्ती सेवाको प्रयोग (स्थाससंऐ दफा११ को उपदफा २ को ङ ७) | १ | ०.५ | |
| ५२ | ५.३.६ | शिक्षामा सबै बालबालिको पहुँच (स्थाससंऐ दफा ११ को उपदफा २ को ज) | १ | १ | |
| ५३ | ५.३.७ | स्वास्थ्य सेवामा नागरिकको पहुँच (स्थाससंऐ दफा११ को उपदफा २ को झ) | १ | १ | |
| ५४ | ५.३.८ | कृषि र पशु सेवा (स्थाससंऐ दफा ११ को उपदफा २ को ण र द) | १ | ० | |
| ५५ | ५.३.९ | स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरण (स्थाससंऐ दफा११ को उपदफा २ को ण ७) | १ | ० | |
| **सूचक क्षेत्र ६ : न्यायिक कार्यसम्पादन** | | | | | |
| ५६ | ६.१.१ | न्याय सम्पादन (स्थाससंऐ दफा ४६ को उपदफा १, दफा ४९ को उपदफा १२) | १ | ०.५ | |
| ५७ | ६.२.१ | मेलमिलाप कर्ताको व्यवस्था (स्थाससंऐ दफा ४९ को उपदफा ३) | १ | ० | |
| ५८ | ६.२.२ | न्यायिक समितिको निर्णय प्रकृया (स्थाससंऐ दफा ४९) | १ | १ | |
| ५९ | ६.२.३ | न्यायिक समितिको प्रतिवेदन प्रणाली (स्थाससंऐ दफा ५३ को उपदफा २) | १ | ० | |
| ६० | ६.३.१ | उजुरी फछ्र्यौट (स्थाससंऐ दफा ४९ को उपदफा २ र ४) | १ | १ | |
| ६१ | ६.३.२ | न्यायिक समितिको निर्णय उपर पुनरावेदन (स्थाससंऐ दफा ५१) | १ | १ | |
| ६२ | ६.३.३ | मेलमिलाप केन्द्र गठन (स्थाससंऐ दफा ४९ को उपदफा १०) | १ | ० | |
| **सूचक क्षेत्र ७ : भौतिक पूर्वाधार** | | | | | |
| ६३ | ७.१.१ | सडक यातायात गुरूयोजना अनुसार सडक पूर्वाधार निर्माण | १ | ० | |
| ६४ | ७.१.२ | जोखिम संवेदनशील भू-उपयोग योजना (स्थाससंऐ, २०७४ को दफा २७.२) | १ | ० | |
| ६५ | ७.१.३ | भौतिक पूर्वाधार विकासमा सार्वजनिक- निजी साझेदारी नीति (स्थाससंऐ, २०७४ को दफा २४.८) | १ | ० | |
| ६६ | ७.२.१ | बालमैत्री तथा अपाङ्गतामैत्री पूर्वाधार (स्थाससंऐ, २०७४ को दफा २४ को उपदफा २) | १ | ० | |
| ६७ | ७.२.२ | निर्मित पूर्वाधारको उपयोग र दिगो व्यवस्थापन (स्थाससंऐ, २०७४ को दफा २४ को उपदफा ३) | १ | ० | |
| ६८ | ७.२.३ | आयोजनाको वातावरणीय अध्ययन- संक्षिप्त, प्रारम्भिक वातावरणीय अध्यन(IEE) र वातावारणीय प्रभाव मूल्याङ्कन (EIA) (स्थाससंऐ, २०७४ को दफा २४ को उपदफा २) | १ | ०.५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६९ | ७.२.४ | राष्ट्रिय भवनसंहिता र मापदण्ड<br>(स्थाससंऐ, २०७४ को दफा ४३ को उपदफा १) | १ | १ | |
| ७० | ७.३.१ | सडकको विस्तार<br>(स्थाससंऐ, २०७४ को दफा ११ को उपदफा २ को ट १,५) | १ | ० | |
| ७१ | ७.३.२ | सडकको स्तर उन्नति<br>(स्थाससंऐ, २०७४ को दफा ११ को उपदफा २ को ट १,५) | १ | ० | |
| ७२ | ७.३.३ | खानेपानी सेवा विस्तार<br>(स्थाससंऐ, २०७४ को दफा ११ को उपदफा २ को ध १, सोही दफाको | १ | १ | |
| ७३ | ७.३.४ | वार्षिक योजनाको कार्यान्वयन स्थिति<br>(स्थाससंऐ, २०७४ को दफा ७१ को उपदफा २ को विवरणमा चालु आ.व. | १ | १ | |
| ७४ | ७.३.५ | फोहोर मैला व्यवस्थापन<br>(स्थाससंऐ, २०७४ को दफा १२ को उपदफा २ को ग ११) | १ | १ | |
| ७५ | ७.३.६ | औद्योगिक पूर्वाधार<br>(स्थाससंऐ, २०७४ को दफा ११) | १ | ० | |
| **सूचक क्षेत्र ८ :सामाजिक समावेशीकरण** | | | | | |
| ७६ | ८.१.१ | सामाजिक विभेदको न्यूनीकरण<br>(संविधानको धारा १८, समानताको हक) | १ | ०.५ | |
| ७७ | ८.१.२ | समानुपातिक सहभागिता<br>(स्थाससंऐ, २०७४ को दफा १११) | १ | ०.७५ | |
| ७८ | ८.२.१ | सामाजिक सुरक्षा तथा संरक्षण<br>(स्थाससंऐ, २०७४ को दफा ११ उपदफा २ त) | १ | ० | |
| ७९ | ८.२.२ | घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान<br>(स्थाससंऐ, २०७४ को दफा १२ उपदफा २ को ग ३०) | १ | ०.५ | |
| ८० | ८.२.३ | बालश्रम, बाल विवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथासँग सम्बन्धित कार्यहरु (स्थाससंऐ, २०७४ को दफा १२ उपदफा २ को ग ३०) | १ | ० | |
| ८१ | ८.२.४ | लैङ्गिक उत्तरदायी बजेट परीक्षण (GRB Audit)<br>(स्थाससंऐ, २०७४ को दफा २४ उपदफा ३ को छ) | १ | ० | |
| ८२ | ८.३.१ | महिला विरूद्ध हुने घरेलु हिंसाको घटनामा कमी (अघिल्लो आ. व. को तुलनामा) | १ | १ | |
| ८३ | ८.३.२ | बालश्रम, बालविवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथा रोकथामका लागि तर्जुमा गरिएका कार्यक्रममा लगानी | १ | ० | |
| ८४ | ८.३.३ | महिला/दलित/अपाङ्गता भएका व्यक्ति संयोजक/ अध्यक्ष भएको उपभोक्ता समितिहरुको सङ्ख्या (कूल गठीत उपभोक्ता समितिको) । | १ | ०.५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८५ | ८.३.४ | आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानमा गरिने लगानी | १ | ० | |
| **सूचक क्षेत्र ९ : वातावरण संरक्षण तथा विपद् व्यवस्थापन** | | | | | |
| ८६ | ९.१.१ | विपद् व्यवस्थापन (स्थाससंऐ, २०७४ को दफा ११ उपदफा २ को न) | १ | ०.५ | |
| ८७ | ९.२.१ | वातावरणीय प्रदूषण नियन्त्रण (जल, भूमि, ध्वनी, वायु र खाद्य) (स्थाससंऐ, २०७४ को दफा ११ उपदफा ४ को ङ १,२३ र २६) | १ | ० | |
| ८८ | ९.२.२ | वातावरणमैत्री पूर्वाधार | १ | ० | |
| ८९ | ९.२.३ | विपद् जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन (स्थाससंऐ, २०७४ को दफा ११ उपदफा २ को न ४) | १ | ०.५ | |
| ९० | ९.३.१ | वातावरणीय क्षेत्र प्रवर्द्धनमा बजेट विनियोजन | १ | ० | |
| ९१ | ९.३.२ | वातावरण संरक्षणमा टोल विकास संस्था, नागरिक तथा निजी क्षेत्र र गै.स.स.को सहभागिता | १ | ० | |
| ९२ | ९.३.३ | स्थानीय विपद् व्यवस्थापन कोषमा बजेट विनियोजन र खर्च (वार्षिक रूपमा) | १ | १ | |
| ९३ | ९.३.४ | टोल विकास संस्था गठन तथा सञ्चालन | १ | ० | |
| ९४ | ९.३.५ | एम्बुलेन्स, अग्नी नियन्त्रण जस्ता आकस्मिक सेवाहरुको उपलब्धता | १ | ० | |
| **सूचक क्षेत्र १० : सहकार्य र समन्वय** | | | | | |
| ९५ | १०.१.१ | सङ्घ, प्रदेश र स्थानीय तह बीचको सहकार्य र समन्वय (नेपालको संविधानको धारा २३५) | १ | ०.५ | |
| ९६ | १०.१.२ | अन्तर स्थानीय तह सहकार्य र समन्वय (प्राकृतिक श्रोतको संरक्षण र उपयोग, पूर्वाधार निर्माण, वातावरण संरक्षण तथा फौहोरमैला व्यवस्थापन, आपतकालीन सेवा व्यवस्थापन,राजश्व सङ्कलन आदि) (स्थाससंऐ, २०७४ को दफा २६) | १ | ० | |
| ९७ | १०.२.१ | दुई वा सो भन्दा बढी स्थानीय तहको सरोकारको विषयमा बन्ने समितिहरुको गठन र सञ्चालन (स्थाससंऐ, २०७४ को दफा २६ अन्तर्गत) | १ | ० | |
| ९८ | १०.३.१ | अन्तर सरकारी समन्वय तथा सहजीकरण | १ | ० | |
| ९९ | १०.३.२ | अन्तर स्थानीय तह साझेदारी | १ | ० | |
| १०० | १०.३.३ | जिल्ला समन्वय समिति सँगको समन्वय | १ | ० | |
| **जम्मा** | | | १०० | ४५.० | |

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ